# कृषि विकास निर्देशनालयको सूचनाको हक सम्बन्धी प्रतिवेदन
# (वैशाख-असार, २०८३)

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०७६ को नियम २ बमोजिम सार्वजनिक गरिएको विवरण**

सूचना सावर्जनिक गर्ने निकायको नाम : कृषि विकास निर्देशनालय, बुटवल

सूचना सार्वजनिक गरेको अवधि : वैशाख-असार, २०८३ प्रकाशित मिति : २०८३/०४/०४

## १. निकायको स्वरुप र प्रकृति

समग्र प्रदेशको कृषि क्षेत्रको नीति तथा योजना तर्जुमा पृष्ठपोषण गर्ने, कृषि विकास कार्यक्रमहरू सञ्चालन तथा नियमन गर्ने गराउने र मातहतका निकायहरूलाई प्रशासनिक व्यवस्थापन तथा नियमन गर्ने कार्य गर्नका लागि मिति २०७५।०६।२५ गते लुम्बिनी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री आरती पौडेलज्यूबाट समुद्घाटन गरी लुम्बिनी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत कृषि विकास निर्देशनालय, रूपन्देही, नेपालको स्थापना भएको छ।

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि उत्पादनको लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था गर्ने, बाली बस्तु उत्पादनमा यान्त्रिकरण गर्ने, प्रशोधन तथा वजारीकरणको लागि आवश्यक पूर्वाधारहरूको व्यवस्था मिलाउने, प्रदेशका बिभिन्न क्षेत्रहरूलाई विशिष्टीकृत बालीहरूको लागी विशिष्टिकृत क्षेत्र तोकी सोही बालीको व्यवसायिकरण, विविधिकरण र आधुनिकीकरण मार्फत आर्थिक विकास गर्ने उद्देश्यका साथ लुम्बिनी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयको नीति तथा कार्यक्रम अनुसार यस कृषि विकास निर्देशनालयले कार्य सम्पादन गर्दै आएको छ ।

## १.१ भाबी सोच

कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण तथा विविधिकरण गरी कृषकहरूको जीवनस्तरमा सुधार गर्ने।

## १.२ लक्ष्य

निर्वाहमुखी कृषि उत्पादन प्रणालीलाई आधुनिकीकरण, विविधिकरण तथा प्रतिस्पर्धात्मक मार्फत व्यवसायिक र सम्मानजनक पेशाको रुपमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट कृषकहरूको जीवनस्तरमा सुधार ल्याउने।

## १.३ उद्देश्य

- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक प्रणालीमा रुपान्तरण गर्ने।

महानिर्देशक

- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।
- कृषि क्षेत्रलाई सम्मानजनक र विशिष्टीकृत व्यवसायको रुपमा विकास गर्ने।
- कृषि उपजको उत्पादन लागत घटाई कृषि बजार प्रवर्द्धन गर्ने।
- कृषि उपज बाली वस्तुको मूल्य शृङ्खलामा आधारित कृषि उद्योगको विकास गर्ने।
- परम्परागत कृषि ज्ञान तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने।

## १.४ रणनीतिहरू

१. कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने।

२. जीविकोपार्जन वा निर्वाहमुखी कृषि पद्धतिलाई परिवर्तन गरी व्यावसायिकता तर्फ उन्मुख गराई रोजगारीका अवसरहरू बढाउने।

३. कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यवसायिकरण र औद्योगिकरण गरी रोजगारी र आय वृद्धि गर्ने।

४. जनसंख्या तथा वातावरणलाई ध्यानमा राखी दिगो कृषि विकासको प्रयासबाट प्रदेशवासी कृषकहरूको आम्दानी वृद्धि गरी जीवनस्तर माथि उकास्ने।

५. कृषि क्षेत्रबाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रुपमा विकास गर्ने।

६. परम्परागत कृषि ज्ञान, सीप प्रविधिका साथै रैथाने बाली तथा जैविक विविधतालाई संरक्षण र प्रर्वद्धन गर्ने।

७. रासायनिक मल तथा विषादीको उचित प्रयोग गर्दै प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने।

## २. निकायको काम, कर्तव्य र अधिकार

मिति २०७५।१२।१८ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवलको सचिव स्तरीय निर्णय अनुसार।

- प्रदेश अन्तर्गतका कृषि बाली वस्तुको विकास एवं विस्तारका लागि आवश्यक नीति तथा व्यावसायिक योजना तर्जुमा तथा कार्यान्वयन।
- प्रदेशस्तरको बाली संरक्षण तथा व्यावसायिक कीट सम्बन्धी उपयुक्त नीति तर्जुमा तथा योजना बनाइ कार्यान्वयन गर्ने र कृषि बालीमा आकस्मिक रोगकीरा तथा महामारी नियन्त्रण गर्ने।
- प्रदेशस्तरमा खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाई पृष्ठपोषण गर्ने।
- प्रदेशस्तरमा खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण बालीवस्तुको पहिचान गरी विकास एवं प्रवर्द्धन गर्ने।
- कृषि सम्बद्ध प्रयोगशालाहरूको नियमन।
- कृषि प्रसार, कृषक तथा प्राविधिक तालिम तथा क्षमता विकास र सशक्तीकरण।
- खाद्य गुणस्तर मापदण्ड बनाई अनुगमन गर्ने।

- कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन।
- प्रदेशस्तरको कृषि सम्बन्धी तथ्याङ्क संकलन एवं अद्यावधिक गर्ने।
- प्रदेशस्तरमा कृषि विकासमा संलग्न निकायहरू बीच समन्वय कायम गराउने।
- प्रदेशस्तरको बजार तथा अन्य कृषि पूर्वाधार विकास नीति तर्जुमा तथा कार्यान्वयन गर्ने।
- प्रदेशस्तरमा कृषि यान्त्रिकरण प्रवर्द्धन तथा कृषिको आधुनिकीकरण गर्ने।
- सामूहिक खेती तथा कृषि करार खेतीको प्रवर्द्धन तथा समन्वय।
- प्रदेशस्तरमा पोष्ट हार्भेष्ट व्यवस्थापनका लागि आवश्यक नीति, योजना तथा मापदण्ड बनाई कार्यान्वयन गर्ने।
- प्रदेशस्तरका उपयुक्त रणनीतिक स्थानमा थोक, खुद्रा तथा हाट बजार, संकलन केन्द्र तथा अन्य बजार पूर्वाधार विकास गर्ने।
- प्रदेशस्तरमा कार्यरत कृषि व्यवसायीहरूलाई विभिन्न सेवा सुविधा एवं सहुलियत उपलब्ध गराउने।
- प्रदेशस्तरीय मल, बीउ लगायतका कृषि सामग्रीको आपूर्ति स्थितिको नियमित अनुगमन गरी प्रदेश सरकारलाई पृष्ठपोषण गर्ने।
- प्रदेशस्तरमा कृषि प्रसार कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम् प्रयोग गर्ने।
- प्रदेशस्तरमा माटोको उर्वराशक्ति नक्सा तयार गरी सो को आधारमा उर्वराशक्ति सुधारका लागि आवश्यक कार्य गर्ने।
- प्रदेशस्तरमा मल बीउ लगायतका कृषि सामाग्रीहरूको गुणस्तर नियन्त्रण गर्ने।
- कृषि उपज, कृषिजन्य वस्तु, सामाग्री तथा बीउ विजन प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण स्तरीकरण, प्रमाणीकरण र नियमनको सहयोग गर्ने।
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यको समन्वय गर्ने।
- प्रदेशस्तरमा कृषि प्रसार, कृषि शिक्षा र कृषि अनुसन्धान सम्बद्ध निकायहरूबीच कार्यमूलक सम्बन्ध स्थापित गराउने।
- निर्देशनालय र मातहतका निकायहरूको कर्मचारी व्यवस्थापन, आन्तरिक व्यवस्थापन तथा जिन्सी व्यवस्थापन सम्बन्धी निर्णय गर्ने, तालुक निकायका निर्देशन कार्यान्वयन गराउने र आवश्यक नीतिगत तथा कार्यक्रम गत निर्देशन र पृष्ठपोषण दिने।

## ३. निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण


यस कृषि विकास निर्देशनालय अन्तर्गत कृषि ज्ञान केन्द्र, ९, प्रयोगशाला ४ गरी कूल १३ वटा कार्यालयहरु रहेका छन्। जसमध्ये साविकका नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका र बाँकी १ वटा प्रदेश सरकारको निर्णयबाट स्वीकृत भइ स्थापना भएका स्थायी र अस्थायी कार्यालयहरु रहेका छन्। नेपाल सरकारद्धारा स्वीकृत दरवन्दी २३१ मध्ये १ वटा अस्थायी कार्यालयका लागि ९ जना अस्थायी दरवन्दी प्रदेश सरकारबाट स्वीकृत भएको छ।

महानिर्देशक

## ४. संगठनात्मक परिचय एवं जनशक्ति विवरण

### ४.१ संगठनात्मक ढाँचा

कृषि विकास निर्देशनालय संगठन संरचना




निमित्त महानिर्देशक

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
रुपन्देही, नेपाल

## ४.२ शाखाहरुबाट सञ्चालन गरिने महत्वपुर्ण कार्यक्रम

| क्र.सं. | लक्ष्य नतोकिएका कार्यक्रमहरु | |
|---|---|---|
| १ | योजना तथा अनुगमन शाखा सम्बन्धित कार्यक्रमहरु | जिम्मेबार शाखा |
| १.१ | मौसम सम्बन्धि सूचना प्रकाशन | योजना कार्यक्रम तथा अनुगमन शाखा |
| १.२ | कृषि ऋण सम्बन्धि विवरण | |
| १.३ | सिँचाई सहित कृषि विकास कार्यक्रमको प्रतिवेदन | |
| १.४ | मासिक/त्रैमासिक/बार्षिक प्रगति प्रतिवेदन तयारी | |
| १.५ | कार्यालय कर्मचारी वैठक | |
| १.६ | प्राधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सशर्त अनुदान कार्यक्रम (ब्लक विकास कार्यक्रम) | |
| १.७ | तथ्यांक विवरण अद्यावधिक तथा कम्पाईलेसन | |
| १.८ | किसान सूचिकरण | |
| १.९ | सहकारी मार्फत कृषि प्रसार कार्यक्रम | |
| २ | कृषि सूचना तथा संचार शाखा सम्बन्धित कार्यक्रमहरु | जिम्मेबार शाखा |
| २.१ | समसामयिक तथ्यांक संकलन | कृषि सुचना तथा संचार शाखा |
| २.२ | प्राकृतिक प्रकोपजन्य क्षति विवरण | |
| २.३ | किसान सूचिकरण कार्यक्रम | |
| २.४ | गैर सरकारी सघसंस्थाहरुसंगको समन्वय | |
| २.५ | प्राविधिक प्रकाशन | |
| ३ | बाली विकास तथा माटो व्यवस्थापन शाखा | जिम्मेबार शाखा |
| ३.१ | वीउ वासलत- वीउको आवश्यकता, माग, पुर्ती, पुग/नपुग | बाली विकास तथा माटो व्यवस्थापन शाखा |
| ३.२ | श्रोत केन्द्र विवरण: वीउ श्रोत केन्द्र | |
| ३.३ | वाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (वाली) | |
| ३.४ | रैथाने वालीको प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम | |
| ३.५ | वीज वृद्धि तथा डेसीस (DESES) कार्यक्रम | |
| ३.६ | माटो व्यवस्थापन कार्यक्रम | |
| ३.७ | नियमित भर्चुअल वैठक सञ्चालन | |
| ३.८ | रासायानिक मल सम्बन्धी तथ्याङ्क-माग/आपुर्ती/खपत/जिल्लामा डिलरहरुको विवरण | |
| ३.९ | CIMMYT/किसान-२ कार्यक्रम | |
| ३.१० | प्रांगारिक कृषि कार्यक्रम | |
| ४ | बाली संरक्षण तथा कीट विकास शाखा सम्बन्धि कार्यक्रमहरु | जिम्मेबार शाखा |



निमित्त महानिर्देशक

| क्र.सं. | लक्ष्य नतोकिएका कार्यक्रमहरु | |
|---|---|---|
| ४.१ | विषादी विक्रेता ऐन, विषादी खपत तथा एग्रोभेट सम्बन्धि विवरण | बाली संरक्षण तथा कीट विकास शाखा |
| ४.२ | श्रोत केन्द्र विवरण: रेशम, मौरी र च्याउ | |
| ४.३ | बाली संरक्षण संग सम्बन्धीत तथ्याङ्क संकलन | |
| ४.४ | रोग कीराहरुको प्रकोपबाट भएको क्षति | |
| ५ | बागवानी विकास शाखा सम्बन्धित कार्यक्रमहरु | जिम्मेबार शाखा |
| ५.१ | श्रोत केन्द्र विवरण: फलफूल, पुष्प तथा तरकारी नर्सरी केन्द्र | बागवानी विकास शाखा |
| ५.२ | वाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (वागवानी) | |
| ५.३ | स्मार्ट कृषि कार्यक्रम | |
| ५.४ | मिसन/ बाली विशेष प्रवर्द्धन संचालन कार्यक्रम | |
| ५.५ | किसान-२ परियोजना कार्यक्रम | |
| ५.६ | सहकारी मार्फत कृषि प्रसार कार्यक्रम | |
| ५.७ | प्रांगारिक कृषि कार्यक्रम | |
| ६ | पोष्ट हार्भेष्ट व्यवस्थापन शाखा संग सम्बन्धित कार्यक्रमहरु | जिम्मेबार शाखा |
| | शित भण्डार सम्बन्धी विवरण | पोष्ट हार्भेष्ट व्यवस्थापन शाखा |
| | उद्योग/प्रशोधन सम्बन्धी क्रियाकलापहरु | |
| ७ | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्यांक शाखा सम्बन्धि कार्यक्रमहरु | जिम्मेबार शाखा |
| ६.१ | बजार सम्बन्धि सूचनाहरु | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्यांक शाखा |
| | • जिल्लास्तर बजार केन्द्र विवरण | |
| | • संकलन केन्द्र, हाटबजार, निर्यात केन्द्र | |
| | • क्षेत्रीयस्तर बजार केन्द्र | |
| | • प्रदेशस्तर बजार केन्द्र | |
| | • अनुमानित परिमाण कारोबार | |
| ८ | कृषि यान्त्रीकरण शाखा सम्बन्धित कार्यक्रमहरु- कृषि यान्त्रीकरण सम्बन्धि विवरण | जिम्मेबार शाखा |
| | • कस्टम हायरिङ्ग सेन्टर | कृषि यान्त्रीकरण शाखा |
| | • कम्बाईन हार्भेष्टर | |
| ९ | प्रशासन शाखा संग सम्बन्धित कार्यहरु | जिम्मेबार शाखा |
| | • सम्पुर्ण प्रशासनिक कार्यहरु | प्रशासन शाखा |
| | • मातहतका कार्यालयहरको प्रशासनिक कार्यहरुको अनुगमन, मूल्याङ्कन तथा रिपोर्टिङ | |



निमित्त महानिर्देशक

## ४.३ मातहतका कार्यालयहरुको विवरण

| क्र. सं. | कार्यालयको नाम, ठेगना | ईमेल | वेभसाईट | कार्यालय प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | कृ.ज्ञा.के. नवलपरासी | akcnawalparasi@gmail.com | https://akcnawalparasi.lumbini.gov.np/ | श्री शिव प्रसाद अर्याल | ९८५७०४५१०६ |
| २ | कृ.ज्ञा.के. रुपन्देही | akcrupandehi@gmail.com | https://akcrupandehi.lumbini.gov.np/ | श्री भाष्कर पौडेल | ९८५७०५२९२८ |
| ३ | कृ.ज्ञा.के. कपिलवस्तु | akckapilvastu@gmail.com | https://akckapilvastu.lumbini.gov.np/ | श्री घनश्याम चौधरी | ९८५७०५३०६४ |
| ४ | कृ.ज्ञा.के. पाल्पा | akcpalpa@gmail.com | https://akcpalpa.lumbini.gov.np/ | श्री अमिता पाण्डे | ९८५७०६५२९४ |
| ५ | कृ.ज्ञा.के. गुल्मी | akcgulmi2075@gmail.com | https://gulmi.akc.gov.np | श्री नरेश धिताल | ९८५७०६७२२६ |
| ६ | कृ.ज्ञा.के. अर्घाखाँची | akcarghakhanchi@gmail.com | https://akcarghakhanchi.gov.np | श्री बुद्धीराज घिमिरे | ९८५७०६३९२६ |
| ७ | कृ.ज्ञा.के. रोल्पा | akcrolpa@gmail.com | https://akcrolpa.lumbini.gov.np/ | श्री महेन्द्र कुमार ओझा | ९८५७८२४५०५ |
| ८ | कृ.ज्ञा.के. दाङ | akcdang@gmail.com | https://akcdang.lumbini.gov.np/ | श्री नवराज भण्डारी | ९८४७८३१३९७ |
| ९ | कृ.ज्ञा.के. बाँके | akcbanke@gmail.com | https://akcbanke.lumbini.gov.np/ | श्री डा. विनोद घिमिरे | ९८५८०४००२७ |
| १० | बा.सं.प्र., खजुरा | rpplkhajura@gmail.com | https://pplkhajura.lumbini.gov.np | श्री शकिल अहमद | ९८५८०२८४५६ |
| ११ | वीउ विजन प्र., भैरहवा | bhairahawaseedlab@gmail.com | https://seedlabbhw.gov.np | श्री दिपक सापकोटा | ९८५७०११२५५ |
| १२ | वीउ विजन प्र., खजुरा | seedlabkhajura@gmail.com | https://seedlabkhajura.lumbini.gov.np/ | श्री दिनेश भट्टराई | ९८५८०४०२३४ |
| १३ | माटो तथा मल प.प्र., खजुरा | rstlsmd2@gmail.com | https://soillabkhajura.lumbini.gov.np | श्री आशिष पाठक | ९८५८०६०४३५ |

निमित्त महानिर्देशक

## ४.३ कर्मचारी दरबन्दी विवरण

| कार्यालय | दरबन्दी अवस्था | | |
|---|---|---|---|
| | जम्मा | पदपूर्ति | रिक्त |
| कृषि विकास निर्देशनालय | ३९ | २१ | १८ |
| कृषि ज्ञान केन्द्र, नवलपरासी ब.सु.प | १६ | ८ | ८ |
| कृषि ज्ञान केन्द्र, अर्घाखाँची | १४ | १० | ४ |
| कृषि ज्ञान केन्द्र, दाङ | १६ | १० | ६ |
| कृषि ज्ञान केन्द्र रुपन्देही | ९ | ८ | १ |
| कृषि ज्ञान केन्द्र, बाँके | १७ | ८ | ९ |
| श्री कृषि ज्ञान केन्द्र, गुल्मी | १५ | १० | ५ |
| कृषि ज्ञान केन्द्र, रोल्पा | १५ | ९ | ६ |
| कृषि ज्ञान केन्द्र, पाल्पा | १५ | १३ | २ |
| कृषि ज्ञान केन्द्र, कपिलवस्तु | १६ | १२ | ४ |
| माटो तथा मल परिक्षण प्रयोगशाला, खजुरा, बांके | १० | ३ | ७ |
| बीउ बिजन प्रयोगशाला, खजुरा, बाँके | ११ | ७ | ४ |
| बाली संरक्षण प्रयोगशाला,खजुरा,बाँके | ८ | ७ | १ |
| बीउ बिजन प्रयोगशाला, भैरहवा | ११ | ७ | ४ |
| जम्मा | २१२ | १३३ | ७९ |

निमित्त महानिर्देशक

## ४.४ कार्यरत कर्मचारीहरुको विवरण

| सि. नं. | नाम | पद | तह | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम प्रसाद पाण्डे | नि महानिर्देशक | दशौं | ९८५७०२२०८५ | |
| २ | सन्देश धिताल | बागवानी विकास निर्देशक | दशौं | ९८५१२०६२८६ | |
| ३ | कामना अधिकारी | बाली संरक्षण निर्देशक | दशौं | ९८४६२००७०५ | |
| ४ | मनोज कुमार सिंह | मुख्य कृषि प्रसार अधिकृत | नवौं | ९८४७९८३३३३ | |
| ५ | पवित्रा भुसाल | बरिष्ठ लेखा अधिकृत | आठौं | ९८४९९६१३८६ | |
| ६ | समिर सिंह बराई मगर | बरिष्ठ वागवानी विकास अधिकृत | आठौं | ९८५७०१०६३३ | काज RHVAP |
| ७ | मिलन गैरे | बरिष्ठ बाली संरक्षण अधिकृत | आठौं | ९८४७१०३८०९ | |
| ८ | गंगा अर्याल | बरिष्ठ शाखा अधिकृत | आठौं | ९८६७१४४१७८ | |
| ९ | बीरेन्द्र कुमार पटेल | बरिष्ठ कृषि ईन्जिनियर | आठौं | ९८४८०२७३८९ | |
| १० | नविन गैरे | कृषि प्रसार अधिकृत | सातौं | ९८४७२८८५८४ | |
| ११ | खिम बहादुर रोकाया | प्राबिधिक अधिकृत (कृषि प्रसार) | सातौं | ९८६९८४९५२६ | काज रुकुमपूर्व |
| १२ | पार्वती लम्साल ज्ञवाली | अधिकृत | छैटौं | ९८४७२८८५८४ | |
| १३ | बिष्णु प्रसाद अर्याल | कम्प्यूटर अधिकृत | छैटौं | ९८५९६६२६८२ | |
| १४ | हरिश बोहरा | प्राबिधिक अधिकृत(एग्री इन्जिनियरिङ) | छैटौं | ९८६९०८४१३१ | |
| १५ | कृष्ण बहादुर पौडेल | लेखापाल | पाचौं | ९८४७२०१८४० | |
| १६ | झपट बहादुर घर्ति | हलुका सवारी चालक | | ९८४४७११८२५ | करार सेवा |
| १७ | प्रदिप आचार्य | हलुका सवारी चालक | | ९८६९५९८२९ | करार सेवा |
| १८ | रमा कुमारी गुरुङ्ग | कार्यालय सहयोगी | | ९८४७२१४६२२ | करार सेवा |
| १९ | सुमन गौतम | कार्यालय सहयोगी | | ९८५७०७२६५४ | करार सेवा |
| २० | पुनम कुमारी राय | कार्यालय सहयोगी | | ९८६७२८७७४३ | करार सेवा |
| २१ | शारदा आचार्य | कार्यालय सहयोगी | | ९८४७१०७५४५ | करार सेवा |

## ५. नागरिक बडापत्र

| सि. नं. | प्रदान गरिने सेवाहरु | पेश गर्नुपर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १ | बजेट तथा कार्यक्रम सम्बन्धी जानकारी | माग र औचित्य खुलेको निवेदन | ७ दिन | नि: शुल्क | योजना, कार्यक्रम तथा अनुगमन शाखा |
| २ | संचालित कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन एवं प्रगति विवरण | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | ७ दिन | नि: शुल्क | योजना, कार्यक्रम तथा तथा अनुगमन शाखा |
| ३ | कृषि सम्बन्धि तथ्यांक संकलन, विश्लेषण, अद्यावधिक एवं सम्प्रेषण | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | १५ दिन | नि: शुल्क | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्यांक शाखा |


महानिर्देशक

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
रुपन्देही, नेपाल

| सि. नं. | प्रदान गरिने सेवाहरु | पेश गर्नुपर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| ४ | कृषि बजार एवं पूर्वाधार विकास तथा व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्यांक शाखा |
| ५ | खाद्यान्न तथा औद्योगीक बाली सम्बन्धी प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | बाली विकास तथा माटो व्यवस्थापन शाखा |
| ६ | कृषि सामग्रीहरुको आपूर्ति व्यवस्थापन, गुणस्तर नियन्त्रण तथा सूचना सम्प्रेषण | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | नियमित रुपमा आवश्यकता अनुसार | नि: शुल्क | बाली विकास तथा माटो व्यवस्थापन शाखा |
| ७ | माटो व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | बाली विकास तथा माटो व्यवस्थापन शाखा |
| ८ | फलफूल, तरकारी, पुष्प बाली विकास तथा जैविक विविधता संरक्षण प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | बागबानी विकास शाखा |
| ९ | बाली संरक्षण, विषादी व्यवसथापन तथा प्लाण्ट क्वारेन्टीन सम्बन्धी प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | बाली संरक्षण तथा व्यवसायिक कीट विकास शाखा |
| १० | मौरीपालन, रेशम खेती, च्याउ उत्पादन सम्बन्धी प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | बाली संरक्षण तथा व्यवसायिक कीट विकास शाखा |
| ११ | बाली उत्पादनोपरान्त क्षति व्यवस्थापन, भण्डारण तथा प्रशोधन सम्बन्धी प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | पोष्टहार्भेष्ट व्यवस्थापन शाखा |
| १२ | कृषि यन्त्र, औजार तथा फार्म मेशीनरी सम्बन्धी प्राविधिक सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | कृषि यान्त्रीकरण शाखा |
| १३ | कृषि प्रविधिहरुको विस्तारका लागी प्रचार प्रसार तथा सम्बद्ध निकायहरुसंग समन्वय | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | नियमित रुपमा आवश्यकता अनुसार | नि: शुल्क | कृषि सूचना तथा संन्चार शाखा |
| १४ | निर्देशनालयबाट प्रकाशित वार्षिक प्रगति प्रतिवेदन तथा अन्य प्राविधिक प्रकाशनहरु वितरण | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | त्रैमासिक\ वार्षिक रुपमा तयार गरी औचित्यका आधारमा उपलब्ध गराइने | नि: शुल्क | प्रशासन शाखा |
| १५ | प्रशासनिक जानकारी एवं अन्य सेवा | व्यक्ति वा संस्थाको लिखित आधिकारिक पत्र | निवेदन प्राप्त हुनासाथ | नि: शुल्क | प्रशासन शाखा |

महानिर्देशक

## ६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- कृषि विकास निर्देशनालयबाट प्रवाह हुने सेवामा कुनै शुल्क नरहेको

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- प्रचलित नियमको अधिनमा रहि कार्यालय प्रमुखबाट वा आवश्यकता अनुसार कार्यालय बैठक, खरिद इकाई वा सम्वन्धित शाखा मार्फत

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- गुनासो सुन्ने अधिकारी: श्री सन्देश धिताल, बागवानी विकास निर्देशक, ९८५१२०६२८६

## ९. सम्पादन गरेको कामको विवरण

**प्रतिवेदन अवधिमा सम्पादित मुख्य मुख्य कामहरुः**

| |
|---|
| लुम्बिनी प्रदेशमा लगाईने आलुबालीका केहि रैथाने/स्थानीय जातहरु र गडचौला मल उत्पादन प्रविधि पुस्तिका सम्बन्धि ब्रोसर प्रकाशन |
| अन्तरप्रदेश ट्राभेलिङ्ग सेमिनार अन्तर्गत गण्डकी, मधेश तथा कोशी प्रदेशका विभिन्न अनुसन्धान केन्द्र, कृषि फार्म तथा केन्द्रहरूको स्थलगत अवलोकन, मन्त्रालयस्तरीय छलफलमा सहभागिता तथा अनुकरणीय कार्यक्रमहरू अवलोकन गरी अनुभव आदान-प्रदान गर्ने अवसर प्राप्त भएको। |
| व्यवसायिक फर्ममा विज्ञ सहितको प्राविधिक सेवा कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरुको १० ओटा व्यावसायिक फर्म अनुगमन गरी आवश्यक प्राविधिक पृष्ठपोषण तथा बस्तुगत सहयोग गरिएको । |
| PATWG गोष्ठी संचालन गरी मन्त्रालयमा प्रतिवेदन पठाईएकोः प्रदेशमा आवश्यक अनुसन्धानका प्राथमिकताका विषयहरू पहिचान गर्न आधार तयार, नार्कबाट विकसित नवीन कृषि प्रविधिबारे जानकारी, प्रदेशको आवश्यकता अनुरूप अनुसन्धानलाई थप प्रभावकारी र परिणाममुखी बनाउने विषयमा महत्वपूर्ण सुझावहरू प्राप्त भएको |
| मन्त्रालय तथा निर्देशनालय मातहतका कार्यालयहरुसंग नियमित मासिक भर्चुअल बैठक संचालन गरिएको |
| बालीबस्तु विशेष बहुसरोकारवालामंच बीच अन्तरक्रिया गोष्ठीः फलफूल तथा पुष्प नर्सरीका बहुसरोकारवालाहरुबीच उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि अन्तरक्रिया गरी प्राप्त सुझावहरु सहितको प्रतिवेदन मन्त्रालयमा पेश गरिएको |
| तेस्रो त्रैमासिक तथा नौमासिक प्रगति समिक्षा गोष्ठी भर्चुअल माध्यमबाट संचालन गरिएको |
| तालुक मन्त्रालय तथा संघीय निकायबाट माग भएका विभिन्न विवरणहरु संकलन तथा प्रशोधन गरी पठाईएको |
| सचेतना कार्यक्रम (विषादी प्रयोग/उत्पादन/प्रविधि/बजारीकरण) अन्तर्गत पाल्पा र अर्घाखाँची जिल्लाका ४ ओटा व्यावसायिक तरकारी उत्पादन क्षेत्रमा कृषकहरुलाई विषादी सम्बन्धित सचेतना तालिम प्रदान गरी गैररासायनिक पासो, विषादीहरुको वितरण गरिएको साथै ४ ओटा विद्यालयहरुमा विषादी सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिएको |
| रोल्पा जिल्लाको थवाङ-१,२ मा स्याउ बगैंचामा देखापरेको समस्या समाधानका लागि सम्बन्धित विषयविज्ञ सहित बगैंचा अनुगमन गरी प्राविधिक विषयबस्तुबारे व्यवहारिक प्रविधि तथा बस्तुगत सहयोग हस्तान्तरण भएको |
| कार्यविधिले निर्धिष्ट गरेअनुसार मापदण्ड तयार गरी निर्देशनालय मातहतका कार्यालयहरुको स्थलगत अनुगमन पश्चात उत्कृष्ट कार्यालय तथा कर्मचारी मूल्यांकन गरी पुरस्कृत गरिएको |
| आ.व. २०८१/८२ को वार्षिक प्रगति तथा स्थानीय तह सहित कृषि तथ्यांक पुस्तिका प्रकाशन गरिएको |
| रुपन्देही जिल्लाको विभीन्न ३ स्थानीय तहका १५ ओटा तरकारीबालीको नमुनामा विषादीको मात्रा परिक्षण गरिएको, नतिजाः सबै खानयोग्य देखिएको |
| रुकुमपूर्वको मकै बालीमा देखिएको अमेरिकन फल आर्मीवर्म कीराको क्षति न्यूनीकरणका लागि जैविक विषादी उपलब्ध गराईएको, प्रकोप नियन्त्रणमा सहयोग पुगेको |

| |
|---|
| अर्घाखाँचीका एग्रोभेटहरुसंग अन्तरक्रिया गरी विषादी ऐन कार्यान्वयन सम्बन्धमा आवश्यक सहजीकरण गरिएको, जिल्लामा रहेका एग्रोभेटहरुको अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गरिएको |
| ५ ओटा कृषि फर्महरुलाई भर्मिकम्पोष्ट उत्पादनका लागि संरचना स्थापना लगायतका सहयोग गरी गड्यौले मल उत्पादनका लागि प्रोत्साहन गरिएको, १ ओटा उद्योगलाई प्रांगारिक मल उत्पादनका लागि आवश्यक मेशिन सहयोग गरीएको |
| कृषि उपज बजारीकरणका लागि रुकुम पूर्वको कृषि सहकारीको संकलन केन्द्रमा संरचना सुधार तथा थप गर्न आवश्यक सहयोग गरिएको |
| प्राङ्गारिक कृषि उत्पादक संजाल गठन तथा अन्तरक्रिया कार्यक्रमः प्राङ्गारिक कृषि उत्पादनमा संलग्न कृषक, समूह, सहकारी तथा सरोकारवालाबीच समन्वय, सहकार्य र सूचना आदान प्रदानको लागि प्राङ्गारिक कृषि उत्पादक संजाल गठन, प्राङ्गारिक कृषि उत्पादन, प्रशोधन, प्रमाणीकरण, बजारीकरण तथा मूल्य शृङ्खला विकास सम्बन्धी अनुभव, समस्या र समाधानका विषयमा अन्तरक्रिया तथा सहकार्य |
| प्यूठान, बाँके र बर्दियामा विगतका आ.व. हरुमा संचालित ब्लक विकास कार्यक्रमहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरिएको |
| इ-हाजिरी र एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) जडान तथा प्रयोग सम्बन्धि मातहतका कार्यालयहरुलाई आवश्यक सहजीकरण गरिएको |
| कार्यालयमा GIOMS को सुरुवात गरिएको |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

### सूचना अधिकारी

मिलन गैरे
बरिष्ठ बाली संरक्षण अधिकृत
सम्पर्क नम्बर : ९८५७०२२०८३

### प्रमुख

राम प्रसाद पान्डे
नि. महानिर्देशक
सम्पर्क नम्बर : ९८५७०२२०८५

निमित्त महानिर्देशक

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
रुपन्देही, नेपाल

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक तथा वार्षिक अवधिमा यस निर्देशनालयबाट भएको खर्चको अवस्था देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

निमित्त महानिर्देशक

०८२/८३

# संचालित कार्यक्रमहरुको मासिक, त्रैमासिक प्रगति विवरण

त्रैमासिक अवधि : चौथो त्रैमासिक

रकम रु. लाखमा

| बजेट उप शिर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | विनियोजित बजेट | | | | | चौथो त्रैमासिक पुँजीगत खर्च रकम | | चौथो त्रैमासिक चालु खर्च रकम (रु. लाखमा) | | चौथो त्रैमासिक कुल खर्च रकम (रु. लाखमा) | | वित्तिय भार | भारित प्रगति (प्रतिशत) | | विनियोजनको तुलनामा खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | विनियोजित बजेट | चौथो त्रैमासिक खर्च रकम | विनियोजित बजेट | चौथो त्रैमासिक खर्च रकम | विनियोजित बजेट | चौथो त्रैमासिक खर्च रकम | | भारित प्रगति | एकमुष्ठ भारित प्रगति प्रतिशत | चौथो त्रैमासिक | वार्षिक | |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| ३१२०१०११ | साधारण कार्यक्रम | ३११.४९ | ९६.६० | ७४.३ | ७४.२ | ६६.४ | ०.०० | ०.३६०० | ६६.४० | ७१.१६८४ | ६६.४ | ७१.५२८४ | ७४.० | ७४.९० | ५५.४० | १०७.७ | २३.० | |
| ३१२०००१२ | कृषि उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | १८४.२४ | २७.०६ | ८५.३ | ५३.७ | १८.३ | ०.०० | ०.०००० | १८.२७ | ३९.८३०० | १८.३ | ३९.८३०० | २०.४ | ७२.१३ | १४.६८ | २१८.० | २१.६ | |
| ३१२००९०४ | सहकारी तथा गरिबी निवारण कार्यक्रम | ०.०० | ०.० | ०.० | ०.० | ०.० | ०.०० | ०.०००० | ०.० | ०.० | ०.० | ०.०००० | ०.० | ०.०० | ०.०० | ०.० | ०.० | |
| ३१२९११२७ | राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम (संघ सशर्त अनुदान) | १.४० | ०.२० | ०.० | ०.० | १.२ | ०.०० | ०.०००० | १.२ | ०.५०४८ | १.२ | ०.५०४८ | १.३ | ०.०० | ०.०० | ४२.१ | ३६.१ | |
| ३१२९११२४ | कृषि विभाग(संघ शसर्त अनुदान) | ४.० | ०.१ | ०.० | ०.० | ३.९ | ०.०० | ०.०००० | ३.९ | २.९६१३ | ३.९ | २.९६१३ | ४.३ | ०.०० | ०.०० | ७५.९ | ७४.० | |
| | जम्मा | ५०१.१ | १२४.० | १५९.६ | १२७.९ | ८९.८ | ०.० | ०.४ | ८९.८ | ११४.४६ | ८९.७७ | ११४.८२ | १०० | ५०.७५ | ५०.७५ | १२७.९ | २२.९१ | |

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
रुपन्देही, नेपाल

निमित्त महानिर्देशक

८२/८३

# संचालित कार्यक्रमहरुको अर्धवार्षिक प्रगति विवरण

त्रैमासिक अवधि : वार्षिक

रकम रु. लाखमा

| बजेट उप शिर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | विनियोजित बजेट | | | | | वार्षिक पुँजीगत रकम रु. | | वार्षिक चालु खर्च रकम रु. | | वार्षिक कुल खर्च रकम | | वित्तिय भार | भारित प्रगति (प्रतिशत) | | विनियोजनको तुलनामा खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | विनियोजित बजेट | वार्षिक खर्च रकम | विनियोजित बजेट | वार्षिक खर्च रकम | विनियोजित बजेट | वार्षिक खर्च रकम | | भारित प्रगति (प्रतिशत) | एकमुष्ठ भारित प्रगति प्रतिशत | वार्षिक | |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | २० |
| १२०१०११ | साधारण कार्यक्रम | ३११.४९ | ९६.६० | ७४.३ | ७४.२ | ६६.४ | ५.०० | १.३६६२ | ३०६.४९ | २१९.२२८ | ३११.४९ | २२०.६ | ६२.२ | ७६.८१ | ४७.७४ | ७०.८ | |
| १२०००१२ | कृषि उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | १८४.२४ | २७.०६ | ८५.३ | ५३.७ | १८.३ | ०.०० | ०.०००० | १८४.२४ | ५६.२० | १८४.२ | ५६.२ | ३६.८ | ८५.२४ | ३१.३४ | ३०.५ | |
| १२००९०४ | सहकारी तथा गरिबी निवारण कार्यक्रम | ०.०० | ०.० | ०.० | ०.० | ०.० | ०.०० | ०.०००० | ०.०००० | ०.०००० | ०.० | ०.० | ०.० | ०.०० | ०.०० | ०.० | |
| १२९११२७ | राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कायक्रम (संघ सशर्त अनुदान) | १.४० | ०.२० | ०.० | ०.० | १.२ | ०.०० | ०.०००० | १.४००० | ०.५०४८ | १.४ | ०.५ | ०.३ | १००.०० | ०.२८ | ३६.१ | |
| १२९११२४ | कृषि विभाग(संघ शसर्त अनुदान) | ४.० | ०.१ | ०.० | ०.० | ३.९ | ०.०० | ०.०००० | ४.०००० | २.९६१३ | ४.० | ३.० | ०.८ | १००.०० | ०.८० | ०.० | |
| | जम्मा | ५०१.१ | १२४.० | १५९.६ | १२७.९ | ८९.८ | ५.० | १.४ | ४९६.१ | २७८.८९ | ५०१.१३ | २८०.२६ | १००.० | ९०.५१ | ९०.५१ | ५५.९३ | |

तयार गर्ने :

प्रमाणित गर्ने :

निमित्त महानिर्देशक